# स्वामीकार्तिक खापर गाउँपालिका
Swamikartik Khapar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सुइजीउला वाई, बाजुरा
Suijeula Wai, Bajura

सुदूरपश्चिम प्रदेश, नेपाल
Sudurpaschim Province, Nepal

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सुचना

मिति :- २०८१/०४/०२ गते

यस स्वामीकार्तिक खापर गाउपालिकाको कार्यालय सुईजीउला वाई, बाजुराको लागि आर्थिक बर्ष २०८१/०८२ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-२ को दफा ६(क) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ (शंसोधन सहित) मा भएको कानुनी व्यवस्था बमोजिक तपशिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, सप्लायर्स, संस्था वा कम्पनीले संस्था वा फर्म दर्ता प्रमाण पत्र, आर्थिक बर्ष २०८०/०८१ को व्यवसाय नबिकरण भएको प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र स्थायी लेखा नं. ( PAN) र मुल्य अभिबद्धि कर (VAT) मा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची-२ (क) बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र सूची दर्ताका लागि कार्यालयको ईमेल ठेगाना ito.swamikartikmun@gmail.com मा आवेदन पठाउन हुन वा यस गाउँपालिकाको कार्यालयमा आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### आपूर्ति गर्नु पर्ने सामानहरु र उपलब्ध सेवाहरु:

**(क) कार्यालय उपकरणहरु :**

१. कम्प्यूटर, ल्यापटप, ल्यापटप ब्याट्री, चार्जर, सर्भर तथा अन्य डिभाईसहरु ।

२. फोटोकपी मेसिन, प्रिन्ट्रर, फ्याक्स, स्क्यानर, कार्टेज, टोनर, क्यामरा, मल्टिमेडिया, सिसि क्यामरा ।

३. पावर ब्याकअप (ब्याट्री, ईन्भटर, सोलार) सम्बन्धी उपकरण ।

४. ईलेक्टिक, ईलोक्टोनिक्स, तथा हार्डवयर सम्बन्धी उपकरण ।

**(ख) फर्निचर तथा अन्य सेवाहरु :**

१. काठ तथा मेटलका फर्निचर/ सोफा, दराज, टेबल, कर्चि ,फर्निसिङ्ग तथा अन्य सामाग्रीहरु ।

**(ग) छपाई तथा मसलन्द:**

१. आवश्यक स्टेशनरी तथा मसलन्द सामानहरु।

२. खेलकुदका सामग्रीहरु ।

३. विज्ञान प्रयोगशालाका सामग्रीहरु ।

४. सामान्य छपाई एंव आपूर्ति सम्बन्धी कार्य ।

**(घ) मर्मत संभार :**

१. कम्प्यूटर, ल्यापटप, प्रिन्टर सर्भर लगायत अन्य मर्मत ।

२. सवारी साधन मर्मत ।

३. फर्निचर, धारा बाथरुमका समान लगायत अन्य सम्पत्ति मर्मत ।

४. जेनेरेटर लगायत अन्य इलेक्टिकल तथा इलेक्टोनिक्स सम्बन्धी उपकरणहरु मर्मत ।

२०८१/४/२

नि. प्रमुख प्रशासकिय अधिकृत

(ङ) प्रबर्द्धन:

१. साइन बोड, फेलेक्स, होडिङ्ग तथा पोल ब्यानर सम्बन्धी सेवाहरु ।
२. विज्ञापन तथा सूचना सम्बन्धि सेवाहरु ।

(च) मिडिया एजेन्सी (रेडियो, विज्ञापन, पत्रपत्रीका, छापाखाना र अनलाइन मिडिया)
(छ) औषधी तथा औषधी जन्य सामाग्री
(ज) स्वास्थ्य तथा चिकित्सामा उपयोगी मेडिकलजन्य मेसिनरी औजार, उपकरण तथा सामाग्री ।
(झ) ल्याव सेवाका लागि आवश्यक पर्ने मेसिनरी औजार उपकरण तथा औषधीहरु ।
(ञ) आयुर्वेद औषधी निर्माणमा प्रयोग हुने स्थानिय जडीबुटीहरु ।
(ट) एल.पि. ग्यास, पेट्रोल तथा डिजेल लगायतका इन्धन आपूर्ति सेवा ।
(ठ) हिउदे तथा बर्षे फलफुलका विरुवाहरु ।
(ड) विभिन्न जातका तरकारी र अन्य बालीका बिउ विजनहरु ।
(ढ) कृषि औजार तथा उपकरणहरु ।
(ण) पशु संग सम्बन्धित विभिन्न खालका औषधी तथा उपकरणहरु ।
(त) निर्माण सामाग्रीहरु ।

(थ) अन्य सेवाहरु:

१. सञ्चार कुरियर सेवा २. इन्टरनेट सेवा ३. वेभसाइट डिजाईन निर्माण तथा मर्मत सेवा ४. गाडी एम्वुलेन्स र मोटरसाईकल आपूर्ति ५. विमा सेवा ६. विभिन्न प्रकारका सप्टवेयर आपूर्ति ७. परामर्स सेवा ८. तालिम हल होटल तथा रेष्टुरेन्ट ।

अन्य थप जानकारी:

१. सूचीकृत हुन प्राप्त भएका निवेदनहरु मध्येबाट रित पुगेका फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ ।
२. सूचीकृत भएका बिक्रेता फर्महरुबाट कार्यालयको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न पत्र मार्फत कोटेशन आभान गरिनेछ र कम कबोल अंक पेश गरेको फर्मलाई सामान आपूर्ति गर्नको लागी खरिद आदेश दिईनेछ ।
३. सूचीकृत भएका कम्पनी तथा फर्महरुले उपलब्ध गराएको बस्तु तथा सेवाहरु तोकिएको गुणस्तर एबम् मापदण्द बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोष जनक नरहेमा उक्त कम्पनी तथा फर्मलाई विना सूचना बस्तु तथा सेवा उपलब्ध गराउने सूची बाट समेत हटाउन सकिनेछ । यस उपर कुनै दावि विरोध गर्न पाईने छैन ।
४. सूचीकरण गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार गाउँपालिकामा नै निहित रहनेछ ।

*नोट:* पत्रपत्रिका, रेडियो, अनलाईन मिडिया तथा टेलिभिजन लगायतका मिडियाहरुले सूचीकृत नभई वा कार्यालयसंग सम्पर्क वा सम्झौता नगरी उत्पादन गरिएका सामग्री सूचना, विज्ञापन, शुभकामना सन्देश आदीको भुक्तानी गर्न कार्यालय बाध्य नहुने व्यहोरा जानकारी गरिन्छ ।

२०८१।४।२

अमर बहादुर रोकाया
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमु... ...कीय अधिकृत